सुदुरपश्चिम प्रदेश सरकार
भूमि ब्यवस्था,कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

फोन.न०९२४२१०५०
websitehttp://bajhang.vhlsec.gov.np

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

चैनपुर,बझाङ

प.सं:२०८२/०८३
च.न.

## विभिन्न पशुपन्छी विकास कार्यक्रम संचालनका लागि आवेदन पेश गर्ने सम्बन्धि सूचना

सूचना नं. : ०१-२०८२/०८२

**(प्रथम पटक सूचना प्रकाशित मितिः२०८२/०५/२०)**

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, बझाङको आ.व २०८२/०८३ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार तपशिलका उल्लेखित कार्यक्रमहरु संचालन गर्नुपर्ने भएकोले सुदूरपश्चिम प्रदेश कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्धन नियमावली २०७९ (पहिलो संशोधन २०८०) बमोजिम सम्बन्धित क्षेत्रका ईच्छुक कृषक समुह, समिति/कम्पनि तथा पशुपन्छी फर्म/उद्यमी/व्यवसायीहरुले यो सूचना प्रकाशित भएको मितिले ३० दिन अर्थात मिति २०८२/०६/२० भित्र यस कार्यालयमा आवश्यक कागजातहरु संलग्न राखी तोकिएको ढाँचामा आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै शर्त तथा रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत अनुरोध गरिन्छ ।

तपसिल

| क. स | कार्यक्रम / क्रियाकलाप | इकाई | बार्षिक लक्ष्य | | कार्यक्रम लागु हुने स्थान | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | परिमाण | बजेट (लाखमा) | | |
| १ | एकल महिला, मुक्त हलिया, सिमान्तकृत समुदाय, अपाङ्ग तथा विपन्न लक्षित आयआर्जन मूलक कार्यक्रम | संख्या | २०० | ३० | जिल्लाभरी | लक्षित बर्ग (गाईभैसी पालन, भेडा/बाखा पालन, कुखुरा पालन) कार्यक्रम निजको माग र सम्भाव्यताका आधारमा संचालन गरिने र लक्षित बर्ग भएको खुल्ने प्रमाण पेश गर्नु पर्ने । |
| २ | चौरी प्रवर्द्दन कार्यक्रम | पटक | १ | १० | साइपाल गा पा | चौरी पालन व्यवसाय दर्ता गरी व्यवसायिक रुपमा चौरी पालन गरेको समूह/सहकारी/फर्म/ उद्यमी हुनुपर्ने । |
| ३ | स्थानिय पोल्ट्री पालन प्रवर्द्दन कार्यक्रम | संख्या | १० | १० | जिल्लाभरी | स्थानीय तथा ग्रामिण कुखुरापालन गरिराखेको कृषक/फार्म /समुह/समिति र सहकारीलाई प्राथमिकता दिईने |
| ४ | पशुपन्छी तथा मत्स्य कर्जामा व्याज अनुदान कार्यक्रम | पटक | १ | ५० | जिल्लाभरी | कृषि ऋण लिई पशुपन्छी पालन व्यावसाय सञ्चालन गरिरहेको हुनुपर्ने । |
| ५ | विधुत महसुलमा अनुदान | पटक | ४ | २ | जिल्लाभरी | विधुत प्राधिकरण बाट व्यावसायिक फर्म/उद्योगमा मिटर जडान गरि व्यवसाय संचालन गरेको हुनुपर्ने । |

नि. कार्यालय प्रमुख

Email : bajhangvhlsec@gmail.com

सुदुरपश्चिम प्रदेश सरकार
भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

फोन.नं०९२४२१०५०
websitehttp://bajhang.vhlsec.gov.np

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

चैनपुर बझाङ्ग

प.सं:२०८२/०८३
च.न.

आवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु

१. कार्यक्रममा सहभागी हुन पाउँ वारेको निबेदन (रु. १० को हुलाक टिकट सहित)

२. सुदूरपश्चिम प्रदेश कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्धन नियमावली २०७९(पहिलो संशोधन २०८०)को अनुसूची-५ बमोजिमको ढाँचामा पूर्ण विवरण भरिएको प्रस्ताव फाराम ।

३. कृषक समुह/सहकारी/फर्म दर्ता प्रमाण-पत्र, नविकरण, स्थाई लेखा नम्बर र करचुक्ताको प्रमाण-पत्रको प्रतिलिपी ।

६. नेपाली नागरिताको प्रतिलिपी ।

७.समुह/समिति, सहकारीको हकमा व्यवसायिक पशुपालन गर्न प्रस्ताव साथ निर्णयको प्रतिलिपी र लेखा परिक्षणको प्रतिलिपी ।

८. व्यवसाय संचालन हुने स्थानको लालपुर्जाको फोटोकपी वा जग्गा भाडामा लिएको भए कम्तिमा१० वर्ष सम्म सम्झौता गरेको सम्झौताको फोटोकपी ।

९. सम्बन्धित स्थानिय तहको पशु सेवा शाखा वा सम्बन्धित वडा कार्यालयको कार्यक्रमको लागि बिगत २ बर्षमा पालिकाबाट कुनै पनि अनुदान नदिएको सिफारिस पत्र ।

१०. पशुपन्छी पालन सम्बन्धि तालिम लिएको भए प्रमाणपत्रको प्रतिलिपी ।

११. बिधुत महशुलको हकमा सम्वन्धित फर्मको नाममा बिधुत मिटर जडान भएको कार्ड हुनुपर्ने ।

१२. कृषि ऋणको ब्याज अनुदानको हकमा कर्जा प्रवाह गर्ने बैंक वितिय संस्था संगको समझौता पत्र ।

१३. सुरु कर्जा लागत रकम र हाल बाकी कर्जा ब्याजदर खुल्ने गरी प्रवाह गर्ने बैंक वितिय संस्था सिफारिस पत्र ।

१४. सुदूरपश्चिम प्रदेश कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्धन नियमावली २०७९ (पहिलो संशोधन २०८०) मा उल्लेख भए बमोजिमको (रु. १ लाख सम्मको अनुदान माग गरेमा शुल्क नलाग्ने, १ लाख देखि ५ लाख सम्म अनुदान माग गरेमा रु. ३०० र ५ लाख भन्दा बढीको अनुदान माग गरेमा रु. १०००) आवेदन शुल्क कार्यालय कोड ३१२०२७००१७ राजश्व शिर्षक १४२२९ मा बुझाएको बैंक भौचर ।

आवश्यक शर्तहरु:

१.आवेदन दिने आवेदकहरुले आवेदन साथ सम्बन्धित पशुपन्छी व्यवसायमा संलग्न रहेको हुनु पर्ने छ ।

२. आवेदन फाराममा भएका सम्पूर्ण विवरण पूर्ण रुपमा भर्ने पर्ने छ । अधुरो तथा अस्पष्ट रुपमा भरिएको, संलग्न गर्नु पर्ने कागजातहरु संलग्न नगरेको आवेदनहरु छनौट प्रक्रियामा समाबेश गरिने छैन ।

३.उपभोक्ताले पेश गरेका प्रस्तावहरु स्वीकार गर्ने वा नगर्ने अन्तिम र पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

नोटः पुनश्च यस सूचनामा उल्लेख हुन नसकेका बुदाहरु तथा अनुदान प्रतिशत सुदूरपश्चिम प्रदेश कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन नियमावली २०७९(पहिलो संशोधन २०८०) बमोजिम हुनेछ ।

(थप जानकारीको लागि यस विज्ञ केन्द्रका कार्यालय प्रमुख कबिराज कठायत मोवाइल नम्बर ९८५८४८८०५२ सुचना अधिकारी जय बहादुर खडका मोवाइल नम्बर ९८६५९१८६४६ मा सम्पर्क गर्नहुन । )

नि. कार्यालय प्रमुख

Email: bajhangvhlsec@gmail.com